नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-६७ दायर मितिः-२०८०/०४/२६**

**फैसला मितिः-२०८१/०६/२०**

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| **रामाकान्त साह कानुको जाहेरीले नेपाल सरकार.........................१** | **जिल्ला पर्सा पकाहामैनपुर गा.पा.वडा नं.३ बस्ने दिनेश हजरा दुसादको छोरा बर्ष २० को उपेन्द्र भन्ने विष्णु हजरा ........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले जाहेरवालाको श्रीमतीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीहरुले जाहेरवालाको श्रीमतीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. हामीले जाहेरवालाको श्रीमतीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादी विष्णु हजारको बयान कागज।

४. जाहेरवालाको श्रीमतीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सिमा देवी समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालयको अभियोग पत्र ।

६. प्रतिवादीहरुले यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादीहरुले ईन्कारी बयान गरेता पनि मिति २०८०।४।८ गते अ.१६:०० बजेको समयमा जिल्ला पर्सा पकहामैनपुर गा.पा.वडा नं.३ स्थित चापाकलमा मेरो श्रीमती सिमा देवी भाँडा धोईरहेको अवस्थामा दिनेश हजरा दुसाद र उपेन्द्र भन्ने विष्णु हजरा समेतले बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज तथा कुटपिट गर्दै घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्ता तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी विष्णु हजराले गरेको बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी उपेन्द्र भन्ने विष्णु हजरालाई कैद दिन १३ र जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार मात्र र अर्का प्रतिवादी दिनेश हजरालाई जरिवाना रु.२०००/- अक्षरेपी दुई हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी उपेन्द्र भन्ने विष्णु हजरालाई ठहरेको कैद दिनको हकमा निज मिति २०८१/०४/१५ देखि २०८१/०४/२७ सम्म हिरासतमा बसी कैद भुक्तान गरी सकेको र जरिवानाको हकमा र.नं.५८/२०८०/०४/२८ बाट दाखिला गरेको धरौटी रकम रु.५०००/- बाट जरिवाना रकम रु.५०००/- कट्टी गर्नु र अर्का प्रतिवादी दिनेश हजरा दुसादलाई ठहरेको जरिवानाको हकमा र.नं.७६/२०८१/०६/०८ दाखिला गरेको धरौटी रकम रु.२००० बाट जरिवाना रकम रु.२०००/- कट्टी गर्नु ---------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**दिनेश सागर भुसाल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ असोज महिना २० गते आईतवार रोज १/ ने.सं. ११४४ कौलाथ्व तृतिया, शुभम् .......